१३. श्रावण २२ गते सोमबार चन्द्रग्रहण–आधा दिन बिदा
(यस वर्ष ग्रस्तोदय चन्द्रग्रहण परेकोले पञ्चाङ्ग निर्णायक समितिको सिफारिश अनुसार उत्तरार्ध समय बिदा दिने व्यवस्था गरिएको)

१४. रोजाना काम हुने मन्त्रालय तथा कार्यालयहरू जस्तै– अस्पताल, रोपवे, टेलिफोन, प्रहरी थाना चौकी, फायर ब्रिगेड, टक्सार, रेडियो नेपाल, श्री ५ को सरकार मुद्रण तथा प्रकाशन विभाग, आकाशवाणी र हुलाकसमेत माथि लेखिएबमोजिम बिदा पाउनेमा काम काज रोक्न नहुने उपर्युक्त कार्यालयहरूका निमित्त सरकारी काम काज रोक्न नपाउने गरी प्रचलित कानूनबमोजिम रीत पुर्‍याएर मात्र बिदा बस्न पाइनेछ ।

द्रष्टव्यः–

आधा दिन भन्नाले मार्ग, पौष र माघ तीन (३) महिनाका निमित्त दिनको १.०० बजेसम्म र बाँकी नौ (९) महिनाका दिनको १.३० बजेसम्म सम्झनु पर्दछ ।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का.मु.सचिव

## सूचना २

श्री ५ को सरकारले जिल्ला कार्यालय डोल्पाका प्रमुख जिल्ला अधिकारी श्री मोहनप्रसाद ढकाल मिति २०४७।४।२६ गतेदेखि बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि नै लागू हुने गरी बिदाबाट फर्की कार्यालयमा हाजिर नभएसम्मको लागि नि.से.नि. २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र.जि.अ. पदमा सोही कार्यालयका प्र.अ. श्री कौशलराज शर्मालाई मिति २०४७।५।१३ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।

## सूचना ३

श्री ५ को सरकारले जिल्ला कार्यालय संखुवासभाका प्रमुख जिल्ला अधिकारी श्री देवराज रेग्मी मिति २०४७।५।६ गतेदेखि बिदामा बस्नुभएकोले


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।